# उच्च सरकारी वकील कार्यालय
## जुम्ला
## (प्रशासन शाखा)

पत्र संख्या:०७६/०७७
चलानी नं. ८९६

मितिः २०७७/०९/०३

विषयः समन्वय समितिको वैठकको निर्णयको प्रतिलिपी पठाएको ।

श्री महान्यायाधिवक्ताको कार्यालय,
सिंहदरबार, काठमाडौं ।

उपर्युक्त सम्बन्धमा यस कार्यालयको समन्वय समितिको तेश्रो वैठक मिति २०७७/०९/०३ गते सम्पन्न भएकोले निर्णयको प्रतिलिपी पाना तिन (३) संलग्न गरी पठाइएको ब्यहोरा अनुरोध छ ।

.................................
(शम्भु गौतम)
नि. सहन्यायाधिवक्ता

वोधार्थ:
१) श्री जिल्ला प्रशासन कार्यालय, जुम्ला
२) श्री संघीय प्रहरी इकाई कार्यालय, सुर्खेत
३) श्री जिल्ला प्रहरी कार्यालय, जुम्ला

फोन नं: ०८७-५२००१०
ईमेलः hgao.jumla@ag.gov.np, appelateattorneyjumla@gmail.com

उच्च सरकारी वकील कार्यालय
जुम्ला
२०७३

## बैठक नं ३

मिति: २०७५/०५/०६ गते महान्यायाधिवक्ताको कार्यालय, काठमाडौंमा बसेको समन्वय समितिको बैठकले उच्च सरकारी वकील कार्यालय तहमा समन्वय समितिको स्थापना गरी अनुसन्धान, अभियोजन र प्रतिरक्षालाई सुदृढ र प्रभावकारी बनाउने प्रयोजनार्थ समन्वय समिति गठन भएकोमा उक्त समितिको बैठक २०७७/०९/०३ गते शुक्रवार, विहान ८:३० बजे उच्च सरकारी वकील कार्यालय, जुम्लामा बसी देहाय बमोजिम गर्ने निर्णय भयो ।

उपस्थिति

श्री शम्भु गौतम, निमित्त सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, जुम्ला : संयोजक
श्री भूपेन्द्र थापा, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, जुम्ला : सदस्य
श्री माधव प्रसाद काफ्ले, प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय,जुम्ला: सदस्य
(प्रतिनिधि, श्री संघीय प्रहरी इकाई कार्यालय, सुर्खेत)
श्री सीताराम राउत, सहायक न्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, जुम्ला,
सदस्य सचिव

आमन्त्रित:

श्री भरत सिहं राठौर प्रहरी निरीक्षक, जिल्ला प्रहरी कार्यालय, जुम्ला

छलफलका विषयहरू

१) अभियोजन सुधार सम्वन्धमा प्राप्त निर्देशनको कार्यान्वयन सम्वन्धमा ।
२) फौजदारी कानूनको प्रचार प्रसार गर्ने सम्बन्धमा ।
३) बलत्कार सम्वन्धि सूचना मूलक सन्देश प्रसारण गर्ने सम्वन्धमा ।
४) विविध

निर्णयहरू:

१) बुँदा नं १ का सम्बन्धमा छलफल गर्दा : महान्यायाधिवक्ताको कार्यालयबाट अभियोजन सुधार सम्वन्धमा प्राप्त निर्देशन समेतको अध्ययन र छलफल गरी देहाय बमोजिम गर्ने गराउने निर्णय गरीयो ।

१.१) प्रारम्भिक अनुसन्धान प्रतिवेदन मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १० बमोजिमको कागजात संलग्न राखी पठाउनु पर्ने र सम्वन्धित सरकारी वकीलले आवश्यक देखिएको विषयमा तत्काल लिखित रुपमै निर्देशन दिने कार्यलाई प्रभावकारीरुपमा कार्यान्वनमा ल्याई सो को अभिलेखिकरण गर्ने गराउने ।

१.२) पीडितले आफुलाई परेको क्षति र प्रभावको उल्लेख गरी सो को विवरण अभियोजन हुनु पूर्व वा अभियोजन भएको एक महिना भित्र सरकारी वकील समक्ष पेश गर्न सक्ने हुँदा

सो को जानकारी पीडितपक्षलाई अनुसन्धानकै क्रममा जानकारी गराई सो को निस्सा मिसिल संलग्न राख्ने कार्यलाई कार्यान्वयनमा ल्याउने ।

१.३) म्याद थपको लागि मुद्दा हेर्ने अधिकारी समक्ष अनुरोध गर्दा थप हिरासतमा राख्नु पर्ने आधार कारण अनिवार्यरुपमा उल्लेख गरी सरकारी वकीलबाटै म्याद थप माँग गर्ने गराउने ।

१.४) अभियूक्तको उमेर, नाम, थर वतन, सम्पर्क न. नागरिकता, फोटो वा अन्य कुनै परिचयात्मक विवरण खुल्ने कागज मिसिलमा अनिवार्य रुपमा समावेश गर्ने गराउने । सो कार्यको म्याद थप कै चरणमा सम्वन्धित सरकारी वकीलले ध्यान दिने ।

१.५) फरार प्रतिवादीहरुको हकमा अभियोजन गर्दा म्याद तामेल भए पछि अदालतले जुनसुकै बखत फरारीको सम्पति रोक्का राख्ने आदेश दिन सक्ने कानूनी ब्यवस्था हुँदा सो को कार्यान्वयनको लागि र मूलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६५ (१) बमोजिमको कार्य समेत गर्नको लागि फरार अभियूक्तको सम्पति विवरण तथा अन्य ब्यक्तिगत विवरणहरु अनिवार्यरुपमा अनुसन्धानकै क्रममा स्पष्ट रुपमा खुलाउने कार्यलाई प्राथमिकता दिई अनिवार्य गराउने ।

१.६) सवै अभियूक्तको पहिचान खुल्ने खालका विवरण वा फोटोलाई आवश्कता अनुसार सह-अभियूक्त, अपराध पीडित एवं जाहेरवाला र साक्षीहरुबाट सनाखत गराई पछि समेत सम्म पहिचान फरक नपर्ने गरी अनुसन्धानकै  चरणमा अभिलेख राखी अभियोजन गर्ने गराउने ।

१.७) अपराध पीडितलाई अन्तरिम क्षतिपूर्ति वा अन्य कुनै प्रकारको राहत रकम दिनु पर्ने अवस्था रहे/नहरेको सम्वन्धमा आधार, कारण र औचित्य सहित तत्काल आवश्यक परेको क्षतिको माग अंक र विगो समेत स्पष्ट र एकिनका साथ खुलाई अनुसन्धान सम्पन्न गर्ने र सोहीको आधारमा अभियोजन गर्ने गराउने ।

१.८) साक्षीको नाम, थर बतन, सम्पर्क नं. अनुसन्धानकै क्रममा कागज गराउदा स्पष्ट खुलाउने र साक्षी प्रमाणका मानिसहरुको नाम सहितको विस्तृत विवरण अलग्गै टिपोट गरी मिसिलमा राखी सम्वद्ध साक्षी प्रमाणका मानिसहरुलाई अभियोग पत्रमा नाम खुलाई उल्लेख गर्ने ।

१.९ पढ्न र लेख्न जान्ने अभियुक्तको अनुसन्धानको क्रममा वयान गराउँदा निजलाई नै लेख्न लगाउने ।

१.१०) सम्भव भएसम्म परीक्षण प्रतिवेदन प्राप्त भए पश्चात मात्र मुद्दाको अभियोजन गर्ने गराउने ।

१.११) लगातार सुनूवाई हुने मुद्दाहरुलाई आपसी समन्वय गरी प्रभावकारी रुपमा कार्यान्वनमा ल्याउने, अभियोजनकै क्रममा प्रतिवादी चुक्ता भएको मुद्दामा पीडक, पीडित एवं वादीका

साक्षीहरुलाई अभियोग पत्र साथ अदालतमा पेश गर्ने र लगातार सुनूवाई कार्य सम्पन्न गर्ने गराउने ।

१.१२) अभियोग पत्रमा उल्लेखित कुनै साक्षी तत्काल उपस्थित नगराएमा पछि उपस्थित गराउन नसकिने अवस्था भएमा मूलुकी फौजदारी कार्यविधि संहिताको दफा १०१ (५) बमोजिम प्रमाण सहित कारण देखाई त्यस्ता साक्षीलाई तत्कालै वा अभियोग पत्रसाथ अदालतमा उपस्थित गराई बकपत्र गराउन सकिने हुँदा सो को कार्यान्वयन गर्ने गराउने ।

१.१३) म.न्या.का.बाट जारी अभियोजन सुधार सम्वन्धि निर्देशनलाई अनुसन्धान अधिकृत समेत सँग छलफल गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

२) बुँदा नं २ का सम्बन्धमा छलफल गर्दा :- मूलुकी फौजदारी संहिताहरुको प्रचार प्रसार गरी जनसमुदाय सम्म सूचना प्रवाह गर्न मातहतका सवै जिल्ला सरकारी वकील कार्यालयहरु र जिल्ला प्रहरी कार्यालयहरुले संयूक्तरुपमा प्रचार प्रसार एवं चेतना मूलक कार्यक्रमहरु जनसमुदाय सम्म पुर्याउन समुदाय स्तर सम्म कार्यक्रम लैजाने र सो कार्यमा आवश्यकता अनुसार स्थानीय तहलाई समेत समावेश गर्ने गराउने ।

३) बुँदा नं ३ का सम्बन्धमा छलफल गर्दा :- बलत्कार सम्वन्धि कसूरको बारेमा महान्यायाधिवक्ताको कार्यालयबाट विभिन्न भाषामा तयार पारिएको प्रचार सामग्रीहरु देशभरका स्थानीय रेडियोहरुमा प्रसारण भई रहेको हुँदा स्थानीय तहहरुमा समेत समन्वय गरी उक्त प्रचार सामग्री प्रसारण गर्ने ब्यवस्थाको लागि अनुरोध गर्दै स्थानीय भाषामा समेत अनुवाद गरी प्रसारण गर्ने गराउने कार्यमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।

४) विविध :

४.१) हेलो साक्षी कार्यक्रमलाई प्रभावकारी ढंगबाट कार्यान्वयनमा ल्याउन जिम्मेवार कर्मचारी तोकी भए गरेको कामहरुको अभिलेख राख्ने, राख्न लगाउने ।

४.२) अभियोग पत्रको प्रतिलिपि कार्यालयमा अभिलेख राखी प्रतिवादी, पीडित एवं जाहेरवाला र अनुसन्धान अधिकृतलाई दिने दिलाउने र अपराध पीडित एवं जाहेरवालालाई मुद्दाको काम कारवाही सम्वन्धमा भएको महत्वपूर्ण आदेश निर्णय आदिको जानकारी समेत अभिलेख राखी दिने दिलाउने ।

४.३) उपरोक्त निर्णय कार्यान्वयनको लागि उच्च सरकारी वकील कार्यालय र संघीय प्रहरी ईकाई कार्यालयबाट मातहत कार्यालयहरुमा परिपत्र गर्ने र निर्णय कार्यान्वनय भए नभएको अनुगमन र निरीक्षण गरी त्यसलाई समेत मातहत कार्यालयको कार्य सम्पादन मूल्याङ्कनको आधार बनाउने ।